# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल


प.सं. :- ०८१/८२
च.नं. :- ४१२

मिति:२०८१/०७/२८

**विषय- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८१ सञ्चालन सम्बन्धमा ।**

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु,
किस्पाङ गाउँपालिका, नुवाकोट।

चालु शैक्षिक सत्र २०८१ मा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित अध्ययनरत छात्रा/छात्रहरु आ-आफ्नो समूह बीच स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता- २०८१ अन्तर्गत किस्पाङ गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८१/ ०७ / २८ को निर्णयानुसार मिति २०८१ मंसिर ७ गतेदेखि ९ गतेसम्म श्री जल्जुखोला माध्यमिक विद्यालय किस्पाङ-१ को ग्राउण्डमा देहाय अनुसार राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन हुने भएकोले प्रतियोगितामा सहभागि हुन किस्पाङ गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (चौथो संशोधन सहित) को अनुसूची १ अनुसार फाराम भरी आवश्यक कागजातहरु सहित रीतपूर्वक प्रतियोगिता आयोजक समक्ष मिति २०८१ मंसिर ५ गते दिनको ३:०० बजेभित्र सहभागी खेलाडीहरुको विवरण पेश गर्नुहुन सम्बन्धित विद्यालयहरुलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिल :

१. भलिबल : छात्र तथा छात्रा दुवै तर्फ
२. कबड्डी : छात्र तथा छात्रा दुवै तर्फ
३. एथ्लेटिक्स :
क) दौड (ट्र्याक) तर्फ :
छात्र: १०० मि., २०० मि ४०० मि., ८०० मि., रिले, ४x४०० मि. रिले
छात्रा : १०० मि., २००मि, ४०० मि. ८०० मि.,रिले, ४x ४०० मि. रिले
ख) उफ्रने र फ्याक्ने (फिल्ड) तर्फ :
छात्र : हाइजम्प, लङजम्प, ज्याभलिङ्ग थ्रो ८०० ग्राम, सटपुट १२ पाउण्ड
छात्रा : हाइजम्प, लङजम्प, ज्याभलिङ्ग थ्रो ६०० ग्राम, सटपुट ८ पाउण्ड

नोट :

२) प्रत्येक विद्यालयले भलिबल र कबडी खेलतर्फ बढीमा ९ / ९ जनासम्म खेलाडी छात्र / छात्राहरु पठाउन सक्नेछन् ।
५) अन्तराष्ट्रियस्तरको प्रतियोगितामा पदक विजेता खेलाडीलाई यस प्रतियोगितामा सहभागि गराइने छैन ।
६) प्रतियोगितामा सहभागी हुनका लागि खेलाडीहरुको जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि फारम साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
७) प्रतियोगिता सम्बन्धी अन्य व्यवस्था राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०, चौथो संशोधनसहित) अनुसार हुनेछ ।

ध्रुब प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ : श्री सूचना तथा प्रविधि शाखा, किस्पाङ गाउँपलिका: यो सूचना वेभ साइटमा अपलोड गर्नुहुन ।

kispangrm@gmail.com, info@kispangmun.gov.np www.kispangmun.gov.np

Scanned with CamScanner

अनुसूची -१

## सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा

(दफा ९ को उपदफा (१) र उपदफा (६), दफा १२ को उपदफा (१) र दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

(१) सहभागी विद्यार्थीको नाम :

(२) विद्यालयको नाम / ठेगाना :

(३) क) शै.स. २०८१ मा अध्ययनरत कक्षा :

(ख) विद्यार्थीको इमिस कोड नं.:

(४) जन्म मिति :

(५) सहभागी हुने खेल :

(६) सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लेखित व्यहोरा ठिक साँचो हो। माथि उल्लेखित विवरण भएको विद्यार्थी खेलाडी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका-२०७० (चौथो संशोधन सहित) को मापदण्ड विपरित र अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक विजेता खेलाडी नभएको व्यहोरा प्रमाणित गर्ने:

| विद्यालयवाट छनौट भूएमा | स्थानीय तहबाट छनौट भएमा |
|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिवको |
| नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : |
| मोबाइल: | मोबाइल: |
| विद्यालयको छाप : | विद्यालयको छाप : |

CS Scanned with CamScanner